वित्तीय संस्थाको जारी पुँजी रु.४,९७,७७,८००।- (चार करोड सन्तान्नब्बे लाख सतहत्तर हजार आठ सय रुपैयाँको ३२.५ प्रतिशतले हुन आउने रु.१,६१,७७,८०० (एक करोड एकसठ्ठी लाख सतहत्तर हजार आठ सय रुपैयाँ) रकम बराबर प्रति शेयर रु. १००।- अङ्कित दरका १,६१,७७८ (एक लाख एकसठ्ठी हजार सात सय अठहत्तर) कित्ता साधारण शेयर मध्ये जारी पूँजीको ०.५ % अर्थात् २४८९ कित्ता शेयर कर्मचारीहरु तथा सर्वसाधारणहरुलाई छुट्याइएको मध्ये को ५% अर्थात् ८,०८९ कित्ता शेयर सामूहिक लगानी कोषका लागि सुरक्षित गरी बाँकी रहने १,५१,२०० कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन गर्ने।

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु. १००/- प्रति शेयरको दरले (शतप्रतिशत)

नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लि.

Nepal Agro Laghubitta Bittiya Sanstha Ltd.

पोखरा महानगरपालिका वडा नं. १८, विन्ध्यवासिनी, कास्की
फोन:नं. ९७७-६१-४१२४४५, फ्याक्स : ९७७-६१-४१२४४६,
इमेल: info@nepalagro.com.np । वेबसाइट: www.nepalagro.com.np

को

आव्हान-पत्र

साधारण शेयरको बिक्री खुल्ला अवधि	
धितोपत्र निष्कासन खुल्ला मिति	२०७६/०१/०८
धितोपत्र निष्कासन बन्द हुने मिति (छिटोमा)	२०७६/०१/११
धितोपत्र निष्कासन बन्द हुने मिति (ढिलोमा)	२०७६/०२/०६

दरखास्त दिनुपर्ने न्युनतम कित्ता :	**१० कित्ता**
दरखास्त दिन पाउने अधिकतम कित्ता :	**८०० कित्ता**

यो विवरण-पत्र नभई केवल आव्हान-पत्र मात्र हो ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृति प्राप्त भएको मिति २०७५/१२/१८, कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति २०७५/१२/२१ र नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएको मिति २०७५/१२/२१

(१) संस्थाको नाम:

नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लिमिटेड (Nepal Agro Laghubitta Bittiya Sanstha Limited)

(२) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा:

यस लघुवित्त वित्तीय संस्था कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७२/०१/०७ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता भएको हो । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०७३/०५/२३ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्ने स्वीकृति प्राप्त गरी दश जिल्लाको कार्य क्षेत्र भएको "घ" वर्गको वित्तीय संस्थाको हैसियतले मिति २०७३/०६/०४ गते देखि बैंकिङ कारोबार सञ्चालन गर्दै आएको छ ।

(३) संस्थाको रजिष्टर्ड ठेगाना:

यस लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १८, विन्ध्यवासिनीमा रहेको छ ।

(४) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु:

यस लघुवित्त वित्तीय संस्था २०७२/०१/०७ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता भएको हो । यस लघुवित्त वित्तीय संस्थाले मिति २०७३/०५/२३ गते वित्तीय संस्थाको रूपमा वित्तीय कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरी मिति २०७३/०६/०४ गतेका दिनदेखि औपचारिक रूपले कारोबार शुभारम्भ भएको यस लघुवित्त वित्तीय संस्थाको कार्य क्षेत्र माथि उल्लेखित १० जिल्लाहरुमा रहेको छ । यस लघुवित्त वित्तीय संस्थाको संस्थापक तथा सञ्चालकहरुमा वित्तीय क्षेत्र, सरकारी, गैर सरकारी, शैक्षिक क्षेत्र, कृषि, उद्योग तथा व्यापार क्षेत्र एवम् व्यवस्थापनमा लामो समयदेखि कार्यरत अनुभवी प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ ।

लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोबार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :-

(१) वित्तीय संस्थाको निक्षेपकर्ताको हकहितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय व्यवस्था सेवा उपलब्ध गराउने ।
(२) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक क्षेत्रमा सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय स्रोत आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुर्याउने ।
(३) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित रूपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास विस्तार एवम् प्रवर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय स्रोत, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरीबी न्यूनीकरण लागि सक्रिय रूपमा संलग्न भई सहयोग पुर्याउने ।
(४) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुर्याई र देशको अर्थतन्त्रलाई स्वच्छ तथा सुदृढ बनाउन सहयोग पुर्याउने र
(५) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न सहयोग पुर्याउने ।

(५) निष्काशन पछिको चुक्ता पूँजी (समूहगत गरिएको अवस्थामा सोही अनुरुप) :

साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

समूह	शेयरधनीहरु	साधारण शेयर संख्या	पूँजी प्रतिशत (%)	चुक्ता रकम	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	३,३६,०००	६७.५०%	३३,६००,०००	शतप्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित)	१,६१,७७८	३२.५०%	१६,१७७,८००	शतप्रतिशत माग गरिने
	जम्मा	४,९७,७७८	१००	४९,७७७,८००	शतप्रतिशत

(६) सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था

लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २७(२) मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक रहेको एक सञ्चालक समिति देहाय बमोजिम हुनेछ ।

संस्थापक शेयरधनीहरुको समूहबाट मनोनित वा निर्वाचित	४ (चार) जना
सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गरी निर्वाचित	२ (दुई) जना
स्वतन्त्र व्यावसायिक विशेषज्ञ सञ्चालक*	१ (एक) जना

सञ्चालकहरुको कार्यकाल बढिमा ४ (चार) वर्षको हुनेछ ।

यस लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २८ (संशोधित) मा व्यवस्था भए अनुसार लघुवित्त वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा २० (बीस) कित्ता शेयर लिएको हुनुपर्नेछ । तर स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक र संगठित संस्थाले प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

(७) सञ्चालक तथा आधारभूत शेयरधनीहरुको विवरण:

आधारभूत शेयरधनीहरुको विवरण :

क्र.सं.	नाम	पद	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव
१	श्री रमेश कुमार कर्माचार्य	अध्यक्ष	नेपाली	पोखरा-४, कास्की	२५,०००	बी.कम	- १ वर्ष सेञ्चुरी कमर्सियल बैंकमा सञ्चालक । - लायन्स क्लव अफ पोखरामा १ वर्ष कोषाध्यक्ष । - १५ वर्षदेखि हालसम्म कपडा व्यवसायमा प्रोप्राइटरको कार्यानुभव । - मिति २०७३/०२/०७ देखि हालसम्म नेपाल एग्रो लघुवित्त वित्तीय संस्थामा अध्यक्षको कार्यानुभव ।
२	श्री अञ्जु कर्माचार्य	संस्थापक	नेपाली	पोखरा-४, कास्की	२०,७००	आइ.ए.	- १५ वर्ष कपडा व्यवसायमा प्रोप्राइटरको कार्यानुभव ।
३	श्री विवेक श्रेष्ठ	संस्थापक	नेपाली	पोखरा-९, कास्की	२६,१५०	सि.ए., बि.कम	- विगत ४ वर्षदेखि विवि. राजवाहक एण्ड कम्पनीमा लेखापरीक्षण कार्यमा संलग्न । - विभिन्न संस्थाहरुमा फाइनान्सियल कन्सल्टेन्सको रुपमा संलग्न । - विवेक श्रेष्ठ एण्ड एसोसिएट्सको प्रोप्राइटर, एस बि एस म्यानेजमेण्ट प्रा. लि. को सञ्चालक । - मिति २०७३/०१/०७ देखि हालसम्म नेपाल एग्रो लघुवित्त वित्तीय संस्थामा सञ्चालक र विगत २ वर्षदेखि हालसम्म लेखापरिक्षकको कार्यानुभव ।
४	श्री लक्ष्मी कुँवर थापा	संस्थापक	नेपाली	पोखरा-२, कास्की	२४,०००	बि.बि.एस	- १५ वर्ष अटोमोबाइल व्यवसायमा प्रोप्राइटरको कार्यानुभव । - उद्यमी कृषि सहकारी पोखरामा विगत ६ वर्ष देखि कोषाध्यक्ष । - हाल लाइन्स क्लव अफ गण्डकी दोभानमा संस्थापक अध्यक्ष, पोखरा रेडियो जेसिजमा कोषाध्यक्ष ।
५	श्री देवी कुमारी शर्मा	संस्थापक	नेपाली	फलेवास ५, पर्वत	२१,६००	आई.ए	- बनिपुर डेण्टल कलेज पोखरामा ४ वर्षको कार्यानुभव भएको ।
६	डा. कमल शर्मा लम्साल	संस्थापक	नेपाली	बुढानिलकण्ठ ५, काठमाण्डौ	१८,०००	एम.डि	- १८ वर्षदेखि हालसम्म शिक्षण अस्पताल महाराजगञ्ज र सिभिल अस्पताल नयाँ बानेश्वर काठमाण्डौमा चिकित्सक । - विगत ४ वर्षदेखि हालसम्म सिभिल अस्पतालमा सह प्राध्यापकको रुपमा कार्यरत ।
७	श्री सरिता अधिकारी	सञ्चालक	नेपाली	पोखरा-५, कास्की	२४,०००	एमबिए	- नेपाल विजनेश कलेज विराटनगरमा १ वर्ष स्नातक तथा स्नातकोत्तर तहमा प्राध्यापन । - लियो क्लब अफ लेखनाथमा २ वर्ष भाइस प्रेसिडेण्ट । - मिति २०७३/०१/०७ देखि हालसम्म नेपाल एग्रो लघुवित्त वित्तीय संस्थामा सञ्चालकको कार्यानुभव ।
८	श्री राजेन्द्र कोइराला	संस्थापक	नेपाली	पोखरा-६, कास्की	२४,०००	एमबिएस	- बढकाली उच्च मावि पोखरामा १ वर्ष शिक्षण कार्य । - पोखरा बहुमुखी क्याम्पस र महेन्द्र उच्च मावि पोखरामा १० वर्ष प्राध्यापन । - गण्डकी विकास बैंकमा ११ वर्षको कार्यानुभव । हाल गण्डकी विकास बैंकमा शाखा प्रमुख ।
९	श्री बिनिता कोइराला	सञ्चालक	नेपाली	पोखरा-१०, कास्की	२४,०००	पि.एच.डि	- गण्डकी मेडिकल कलेज पोखरामा विगत २ वर्षदेखि हालसम्म प्राध्यापन कार्यमा संलग्न । - लायन्स क्लब अफ पोखरा, कास्कीमा १ वर्ष प्रेसिडेण्ट । - मिति २०७३/०१/०७ देखि हालसम्म नेपाल एग्रो लघुवित्त वित्तीय संस्थामा सञ्चालकको कार्यानुभव ।

सञ्चालकहरुको विवरण :

क्र.सं.	नाम	पद	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव
१	श्री रमेश कुमार कर्माचार्य	अध्यक्ष	नेपाली	पोखरा-४, कास्की	२५,०००	बी.कम	- १ वर्ष सेञ्चुरी कमर्सियल बैंकमा सञ्चालक । - लायन्स क्लव अफ पोखरामा १ वर्ष कोषाध्यक्ष । - १५ वर्षदेखि हालसम्म कपडा व्यवसायमा प्रोप्राइटरको कार्यानुभव । - मिति २०७३/०२/०७ देखि हालसम्म नेपाल एग्रो लघुवित्तको वित्तीय संस्थामा अध्यक्षको कार्यानुभव ।
२	श्री निलकण्ठ शर्मा लम्साल	संचालक	नेपाली	बुढानिलकण्ठ १०, काल, काठमाडौं	१२,०००	एम.ए., बि. एस्सी. एजी.	- नेपाल सरकार कृषि मन्त्रालयमा २३ वर्ष कार्यरत भई उप सचिवबाट सेवा निवृत्त । - युएसएड मार्द परियोजनामा ४ वर्ष जिल्ला संयोजक । - युएसएड निट परियोजनामा १ वर्ष सल्लाहकार विज्ञ । - विगत ३ वर्षदेखि प्रिटिएज ट्रेड प्रा.लि. काठमाण्डौमा कृषि विज्ञको रुपमा कृषिमा यान्त्रिकरणको अभियानमा संलग्न । - मिति २०७३/०१/०७ देखि हालसम्म नेपाल एग्रो लघुवित्त वित्तीय संस्थामा सञ्चालकको कार्यानुभव ।
३	श्री विवेक श्रेष्ठ	संचालक	नेपाली	पोखरा-९, कास्की	२६,१५०	सिए बिकम	- विगत ४ वर्षदेखि विवि. राजवाहक एण्ड कम्पनीमा लेखापरीक्षण कार्यमा संलग्न । - विभिन्न संस्थाहरुमा फाइनान्सियल कन्सल्टेन्सको रुपमा संलग्न । - विवेक श्रेष्ठ एण्ड एसोसिएट्सको प्रोप्राइटर, एस बि एस म्यानेजमेण्ट प्रा. लि. को सञ्चालक । - मिति २०७३/०१/०७ देखि हालसम्म नेपाल एग्रो लघुवित्त वित्तीय संस्थामा सञ्चालक र विगत २ वर्षदेखि हालसम्म लेखापरिक्षकको कार्यानुभव ।
४	श्री सरिता अधिकारी	संचालक	नेपाली	पोखरा-५, कास्की	२४,०००	एमबिए	- नेपाल विजनेश कलेज विराटनगरमा १ वर्ष स्नातक तथा स्नातकोत्तर तहमा प्राध्यापन । - लियो क्लब अफ लेखनाथमा २ वर्ष भाइस प्रेसिडेण्ट । - मिति २०७३/०१/०७ देखि हालसम्म नेपाल एग्रो लघुवित्त वित्तीय संस्थामा सञ्चालकको कार्यानुभव ।
५	श्री बिनिता कोइराला	संचालक	नेपाली	पोखरा-१०, कास्की	२४,०००	पिएचडि	- गण्डकी मेडिकल कलेज पोखरामा विगत २ वर्षदेखि हालसम्म प्राध्यापन कार्यमा संलग्न । - लायन्स क्लब अफ पोखरा, कास्कीमा १ वर्ष प्रेसिडेण्ट । - मिति २०७३/०१/०७ देखि हालसम्म नेपाल एग्रो लघुवित्त वित्तीय संस्थामा सञ्चालकको कार्यानुभव ।

* यस वित्तीय संस्थाको मिति २०७५/११/१५ गते बसेको सञ्चालक समितिको ४१ औं बैठकले योग्यता पुगेको व्यक्तिको खोजी गरि निजलाई संस्थाको स्वतन्त्र संचालकको रुपमा नियुक्ती गर्ने निर्णय गरेको छ ।

नेपाल एग्रो लघुवित्त वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको रुपमा श्री तेजेन्द्र शर्मा लम्साल कार्यरत रहनु भएको छ । पर्वत जिल्ला, फलेवास खानीगाउँ -१ मा स्थायी बसोबास रहनु भएका श्री तेजेन्द्र शर्मा लम्सालले त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ । वहाँले निम्नलिखित अनुभव तथा जिम्मेवारी हासिल/वहन गर्नु भएको थियो :

- प्रमुख कार्यकारी अधिकृत - एनएमबि माइक्रोफाइनान्स वित्तिय संस्था लि. - ३ वर्ष
- कार्यकारी निर्देशक - कालिका माइक्रोक्रेडिट डेभलपमेन्ट बैंक लि. - २५ वर्ष
- शाखा प्रबन्धक -(NESDO Nepal) माइक्रोफाइनान्स संस्था - २ वर्षभन्दा बढि
- प्रबन्धक - (CYC) बान्तुङ्, माइक्रोफाइनान्स संस्था - ३ वर्षभन्दा बढि

(८) धितोपत्र जारी गर्नुको उद्देश्य :

१) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार कम्तिमा ३०% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने भएको र सोही बमोजिम लघुवित्त वित्तीय संस्थाको प्रबन्ध-पत्रमा जारी पूँजीको ३२.५% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने प्रावधान अनुरुप रु. १,६१,७७,८००/ शेयर पूँजी सर्वसाधारण नेपाली नागरिकहरु (कर्मचारी र सामुहिक लगानी कोष समेत) लाई बिक्री वितरण गरी लघुवित्त वित्तीय संस्थाको जारी पूँजी रु.४,९७,७७,८००/- पुर्याउन ।
२) लघुवित्त वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।
३) वित्तीय संस्थाको प्रबन्ध-पत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी संकलन गर्न ।

(९) सीमित दायित्व सम्बन्धी विवरण :

यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसका शेयरवालाहरुको दायित्व सीमित छ । यस लघुवित्त वित्तीय संस्थाका शेयरवालाहरुको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

(१०) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्तसाथ पठाउनु पर्ने पेश्की रकम :

प्रत्येक आवेदकले कम्तीमा १० (दश) कित्ता शेयर खरिदका लागि आवेदन दिनुपर्नेछ । १० (दश) कित्ताभन्दा बढी शेयरका लागि आवेदन दिंदा १० (दश) अङ्कको गुणन संख्यामा ८०० कित्ता बराबरको रु. असी हजारसम्मको अधिकतम शेयरका लागि आवेदन दिन सकिनेछ । यसरी साधारण शेयरका लागि आवेदन दिंदा आफूले खरिद गर्न चाहेको प्रति साधारण शेयर बापत रु.१००।- (एक सय) का दरले हुन आउने एकमुष्ठ रकम दरखास्तसाथ बुझाउनु पर्नेछ ।

(११) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत नभैसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण :

वित्तीय संस्थाले आफ्नो कारोबार २०७३/०६/०४ गतेदेखि प्रारम्भ गरेको हो । वित्तीय संस्थाको विगत तीन वर्षदेखिको लेखापरीक्षण भएको लेखापरीक्षकबाट प्रमाणित वासलात र नाफा नोक्सानको वित्तीय विवरण देहाय बमोजिम रहेको छ ।

वासलात

पूँजी तथा दायित्व	वास्तविक (रु हजारमा)			आ.व. ०७५/७६ अपरिष्कृत	प्रक्षेपित (रु हजारमा)		
	०७२/०७३	०७३/०७४	०७४/०७५		०७५/०७६	०७६/०७७	०७७/०७८
शेयर पूँजी	१४,०००	२८,०००	३३,६००	३३,६००	४९,३७८	८८,३२२	१२८,४१३
जगेडा तथा कोषहरु	(११६)	(३,८८०)	१,१३७	९,८३३	९,९३३	१९,४८०	३६,३०८
ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-	-
तिर्न बाँकी कर्जा सापट	-	१६३,६२४	२१४,४१६	३३७,९९३	३४४,४०२	४७१,०९३	५५२,८०९
निक्षेप दायित्व	-	३३,४२६	१०७,४२१	१४८,८३१	२२७,९०८	३४९,०७०	५४१,२११
प्रस्तावित नगद लाभांश	-	-	-	-	-	-	-
आयकर दायित्व	-	-	-	-	३,७४६	७,११९	१०,४६९
अन्य दायित्व	८४	२,८९७	४,२९६	१३,७००	२,९४१	१,०६६	८४६
कुल पूँजी तथा दायित्व	**१३,९६६**	**२२८,३१५**	**३६२,३०६**	**५८४,००७**	**६४६,३२८**	**९३३,३११**	**१,२३१,११०**
सम्पत्ति	**वास्तविक (रु हजारमा)**			**आ.व. ०७५/७६ अपरिष्कृत**	**प्रक्षेपित (रु हजारमा)****		
	०७२/०७३	०७३/०७४	०७४/०७५		०७५/०७६	०७६/०७७	०७७/०७८
नगद मौज्दात (सिक्का समेत)	११०	११	१४०	३८१	४००	४३१	३९६
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	६,३७८	१,४००	२,०००	३,४००	४,६०८	४,९०८	६,६३८
बैंक/ वित्तीय संस्थामा रहेको मौज्दात	६,२४१	१२,६२४	२३,४६४	३२,८८०	३३,९८९	३२,८२०	४३,४६२
माग तथा अल्प सूचनामा प्राप्त हुन रकम	-	-	-	-	-	-	-
लगानी	-	१,०००	१,०००	१,०००	१,०००	१,०००	१,०००
कर्जा सापट	-	२०४,३०२	३२८,९९१	४९२,८१३	५९९,३९०	८८३,९२१	१,२०२,१०४
स्थिर सम्पत्ति	९६४	६,११४	४,०३०	४,०६२	४,०९४	४,९११	३,९०६
गैर बैंकिङ सम्पत्ति	-	-	-	-	-	-	-
अन्य सम्पत्ति	४९९	३,४४४	३,४२१	८,११६	४,९४०	५,९४६	११,४११
कुल सम्पत्ति	**१३,९६६**	**२२८,३१५**	**३६२,३०६**	**५८४,००७**	**६४६,३२८**	**९३३,३११**	**१,२३१,११०**

नाफा नोक्सान हिसाव

विवरण	वास्तविक (रु हजारमा)			आ.व. ०७५/७६ अपरिष्कृत	प्रक्षेपित (रु हजारमा)		
	०७२/०७३	०७३/०७४	०७४/०७५		०७५/०७६	०७६/०७७	०७७/०७८
ब्याज आम्दानी	४८	१७,७१८	४०,८८०	४४,११०	८०,७६०	११०,९४८	१४०,७६७
ब्याज खर्च	-	८,४८६	२०,७७१	३३,६२२	४४,३६६	६७,८२२	१०३,०९२
खुद ब्याज आम्दानी	४८	९,२३१	२०,१००	१०,४९३	३६,४०१	४३,१३४	७५,९४४
कमिशन तथा अन्य सञ्चालन आम्दानी	-	४,४००	१०,६४१	१०,४४१	१४,४११	१२,३३१	३२,०२४
सटही घटबढ आम्दानी	-	-	-	-	-	-	-
कुल सञ्चालन आम्दानी	४८	१४,७०८	३०,७६३	२१,९४४	४८,८३७	६६,४६६	१०२,९७८
कर्मचारी खर्च	८१	११,८९२	१८,२९३	११,८८०	२०,०२४	४३,९३६	३१,८९९
अन्य सञ्चालन खर्च	२१९	६,६२३	८,००४	२,६३०	११,३८०	१४,२९३	१८,४१०
सटही घटबढ नोक्सान	-	-	-	-	-	-	-
सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा	(२४२)	(३,३११)	४,३६६	७,६३०	१७,००९	२९,२३७	४२,७००
सम्भावित नोक्सानी व्यवस्थाहरु	-	२,०६६	१,१३७		३,३३१	२,९३२	४,३८२
सञ्चालन मुनाफा/(नोक्सान)	(२४२)	(५,३७७)	२,०८९	७,६३०	१३,७००	२६,३१४	३८,३८८
गैर सञ्चालन आम्दानी/(नोक्सान)	७६	-	६		-	-	-
सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता			-	१,८४४		-	-
नियमित कारोबारहरुबाट भएको मुनाफा	(१६६)	(५,३७७)	२,०९५	९,४७४	१३,७००	२६,३१४	३८,३८८
असामान्य कारोवारबाट भएको आम्दानी/खर्च		-	-		-	-	-
सम्पूर्ण कारोबार पछिको खुद मुनाफा	(१६६)	(५,३७७)	२,०९५	९,४७४	१३,७००	२६,३१४	३८,३८८
कर्मचारी बोनस व्यवस्था	-	-	१९४	६७९	१,२४२	२,३९२	३,४९०
आयकर व्यवस्था	४०	(१,६१३)	८४०	-	३,७४६	७,११९	१०,४६९
यस वर्षको कर व्यवस्था	-	-	-	२,७४८	३,७४६	७,११९	१०,४६९
गत वर्षको कर व्यवस्था	-	-	-	-	-	-	-
यस वर्षको स्थगन कर आम्दानी (खर्च)	४०	(१,६१३)	८४०	-	-	-	-
खुद नाफा/(नोक्सान)	(१२६)	(३,७५४)	१,०७१	४,७२७	८,७४४	१६,७७४	२४,४२९

नाफा नोक्सान बाँडफाँड हिसाव

विवरण	वास्तविक (रु हजारमा)			प्रक्षेपित (रु हजारमा)		
	०७२/०७३	०७३/०७४	०७४/०७५	०७५/०७६	०७६/०७७	०७७/०७८
आम्दानी:						
गत वर्षसम्मको संचित मुनाफा	-	-	-	(२,४४३)	४,२८३	७,२४४
यस वर्षको मुनाफा (नोक्सान)	-	-	१,०७१	८,७४४	१६,७७४	२४,४२९
सटही घटबढ कोष	-	-	-	-	-	-
जम्मा	-	-	१,०७१	६,३०१	२१,०५८	३१,६७२
खर्च:						
गत वर्षसम्मको संचित नोक्सान	-	१२६	३,८८०	-	-	-
यस वर्षको नोक्सान	१२६	३,७५४	-	-	-	-
साधारण जगेडा कोष	-	-	२१४	१,७४९	३,३५५	४,८८६
भैपरी आउने जगेडा	-	-	-	-	-	-
संस्था विकास कोष	-	-	-	-	-	-
लाभांश समिकरण कोष	-	-	-	-	-	-
कर्मचारी सम्बन्धी जगेडाहरु	-	-	-	-	-	-
प्रस्तावित लाभांश	-	-	-	-	-	-
प्रस्तावित बोनस शेयर	-	-	-	-	१०,७००	१४,७००
विशेष जगेडा कोष	-	-	-	-	-	-
सटही घटबढ कोष	-	-	-	-	-	-
पूँजी फिर्ता जगेडा कोष	-	-	-	-	-	-
लगानी समायोजन कोष	-	-	-	-	-	-
स्थगन कर जगेडा कोष	-	-	-	-	-	-
सामाजिक उत्तरदायित्व कोष	-	-	११	८८	१६७	२४४
ग्राहक संरक्षण कोष	-	-	११	४४	१६७	२४४
जम्मा	-	३,८८०	४३६	१,९३८	१३,७८४	२०,०७४
संचित मुनाफा/(नोक्सान)	(१२६)	(३,८८०)	(२,५४३)	४,२८३	७,२४४	११,५९८

**प्रक्षेपित वित्तीय विवरण लघुवित्त वित्तीय संस्था आफैंले तयार पारेको हो र सो वित्तीय विवरणहरु एस. अधिकारी एण्ड एसोसिएट्सका चार्टर्ड एकाउन्टेन्ट श्री लक्ष्मण अधिकारीबाट प्रमाणित गरिएको छ ।

लघुवित्त वित्तिय संस्थाको वित्तिय प्रक्षेपणका आधारहरु :

लघुवित्त वित्तीय संस्थाको वास्तविक तथा प्रक्षेपित इपिएस र नेटवर्थ प्रति शेयर देहाय बमोजिम छ :

विवरण	वास्तविक (रु.हजारमा)			प्रक्षेपित (रु.हजारमा)**		
	०७२/०७३	०७३/०७४	०७४/०७५	०७५/०७६	०७६/०७७	०७७/०७८
चुक्ता पूँजी	१४,०००	२८,०००	३३,६००	४९,३७८	८८,३२२	१२८,४१३
प्रस्तावित बोनस शेयर	-	-	-	-	-	-
जगेडा तथा कोषहरु	(११६)	(३,८८०)	१,१३७	९,९३३	१९,४८०	३६,३०८
जम्मा	१३,८८४	२४,१२०	३४,७३७	५९,३११	१०७,८०२	१६४,७२१
घटाउने : अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-
कुल नेटवर्थ	१३,८८४	२४,१२०	३४,७३७	५९,३११	१०७,८०२	१६४,७२१
शेयर संख्या (हजारमा)	१४०	२८०	३३६	४९४	८८३	१,२८४
प्रति शेयर आम्दानी (रु.)	(१)	(१३)	३	१८	१९	१९
प्रति शेयर नेटवर्थ (रु.)	९९.१७	८६.१४	१०३.४८	११६.०३	११८.०७	१२८.४९
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल (%)	(०.८४)	(१३.६०)	४.८९	१२.६४	१४.९१	१४.७९
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (प्रतिशत) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल				४.२४		

अ) विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल : (३.८४) प्रतिशत ।

लघुवित्त वित्तिय संस्थाको वित्तीय प्रक्षेपणका आधारहरु :

विवरण	प्रक्षेपित (%)		
	०७५/०७६	०७६/०७७	०७७/०७८
कुल निक्षेपमा औषत वृद्धिदर (प्रतिशतमा)*	११०.१०	५३.४२	५५.०५
कुल कर्जा तथा सापटमा औषत वृद्धिदर (प्रतिशतमा)	८२.६०	४७.४४	४३.४८
कुल कर्जा तथा निक्षेप+पूँजीकोष अनुपात(प्रतिशतमा)	२०४.२३	१९५.२६	१६१.९२
कुल आयमा औषत वृद्धिदर	४४.६८	४२.६४	४१.०७
कुल खर्चमा औषत वृद्धिदर	३६.७४	४८.४३	४४.८२
संचालन खर्च तथा कुल आम्दानी अनुपात	३३.४२	२९.६९	२८.६७
खुद मुनाफामा औषत वृद्धिदर	४१४.३०	९१.०६	४५.८१
निक्षेपको औषत ब्याजदर (प्रतिशतमा)	८.५०	९.००	९.००
कर्जा तथा सापटको औषत ब्याजदर (प्रतिशतमा)	१९.३०	१५.९६	१५.७५
आयकर व्यवस्था (प्रतिशतमा)	३०.००	३०.००	३०.००
निस्क्रिय कर्जा सापट (प्रतिशतमा)	०.३४	०.५६	०.७८
लगानीमा प्रतिफल	१३.००	१३.००	१३.००
अन्य संचालन खर्चमा वृद्धिदर	२५.३१	२०.७०	२२.९१
कर्मचारी खर्चमा वृद्धिदर	८.८३	२१.४२	६१.४२
% LLP on Total Gross Loan	१.१२	१.०९	१.०७
तरलता (CRR)	३.७१	४.०६	४.०१

(१२) अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :

वित्तीय संस्थाको अन्तर्निहित जोखिमहरु निम्नानुसार रहेका छन् ।

(क) **वित्तीय स्रोतको अभावबाट हुने जोखिम :**
- कर्जा लगानीमा अप्ठ्यारो पर्ने र निक्षेप रकमको भुक्तानी दिन समस्या पर्ने ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :** - सो नभएको ।

(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र बजारमा आउने परिवर्तनबाट हुने जोखिम :**
- नयाँ लघुवित्त संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
- लघुवित्त वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
- निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाइ हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Over Run) को जोखिम :** - सो नभएको ।

(ङ) **विदेशी विनिमयको जोखिम :** - सो नभएको ।

(च) **कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त नहुँदा भए सोबाट पर्न सक्ने अवरोधहरु :** - सो नभएको ।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**
- अन्तराष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
- पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**
- देशको मौद्रिक नीतिलगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।
- देशको वैदेशिक नीतिमा हुनसक्ने परिवर्तनबाट उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमहरु ।

(झ) **सञ्चालन इतिहासको अभाव :**
- यस वित्तीय संस्थाले मिति २०७३/०५/२३ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्ने स्वीकृति प्राप्त गरी दश जिल्लाको कार्य क्षेत्र भएको "घ" वर्गको वित्तीय संस्थाको हैसियतले मिति २०७३/०६/०४ गतेदेखि मात्र सञ्चालन गरेको हुँदा लघुवित्त वित्तीय संस्थाको कारोबार सञ्चालनको इतिहास छोटो रहेको छ ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :**
- प्रविधि सम्बन्धी परिवर्तनबाट वित्तीय संस्थाको सञ्चालन तथा कारोबार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो । वित्तीय संस्थाले प्रयोग गर्ने सफ्टवेयरमा प्राविधिक परिवर्तनबाट आउन सक्ने जोखिम व्यवस्थापनका लागि तथ्याङ्कहरुको सुरक्षार्थ Data Backup मा विशेष सतर्कता अपनाईएको छ र त्यसबाट जोखिमलाई न्यूनिकरण गर्न वित्तीय संस्था सक्षम रहेको छ ।

(ट) **अन्य :**
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु ।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :

लघुवित्त वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुनसक्ने जोखिमहरुको लागि लघुवित्त वित्तीय संस्थाले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गर्नेछ । लघुवित्त वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको साथै क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति विकासमा ध्यान पुर्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन पक्षबाट भई सम्भावित हानि-नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध छ । त्यसरी अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने लघुवित्त वित्तीय संस्थाको नीति रहेको व्यहोरा जानकारी गराउँदछौं ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :

रु. १०० प्रति शेयरको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबारले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

(१३) धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकिया :**

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरीदको लागि अत्याधिक वा न्युन माग भई प्राप्त भएका आवेदनहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा ३० मा भएको प्रावधान अनुसार आवेदकहरुमा धितोपत्र बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धि सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिने छ । यदि निष्काशन गरिएको शेयरको संख्या भन्दा कम शेयर खरिदका लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था तथा निर्देशन बमोजिम संचालक समितिले आवश्यक निर्णय गरी बिक्री वितरण तथा बाँडफाँड गरिनेछ ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**

शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डले तोकेको समयावधिभित्र शेयर बाँडफाँड गरि पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरि धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धि सि आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराइने छ र सोही विवरण अनुरुप सि आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर बापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरि फिर्ता गरिदिनेछ ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाइ भएमा दिइने ब्याजदर :**

धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ पूर्णरुपमा लागु भइसकेको सन्दर्भमा यो व्यवस्था लागु नहुने ।

(घ) **धितोपत्र बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :**

यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था अनुसार निर्धारित समय भित्र बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइ प्रचलित व्यवस्था अनुसार निर्धारित अवधिभित्र बाँडफाँडबाट कायम भएका शेयरधनीहरुलाई निजहरुले आवेदनमा उल्लेख गरेको हितग्राही खातामा शेयरको सूचिकरण भएपश्चात सोझै जम्मा गर्ने व्यवस्था गरिनेछ ।

(ङ) **धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोबार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने प्रक्रिया सम्बन्धी विवरण** : हालसम्म सूचीकरण भई नसकेको ।

(च) **धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**

हालसम्म सूचिकरण भई नसकेको हुँदा यस शेयरको बाँडफाँट पश्चात नेपाल स्टक एक्सचेञ्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ लिमिटेडको नियमानुसार धितोपत्रको सूचिकरण गराई धितोपत्रको कारोबार गर्ने व्यवस्था मिलाईनेछ ।

(१४) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम

यस विवरणपत्र मार्फत सर्वसाधारणमा निष्काशन गर्न लागिएको १,६१,७७८ कित्ता साधारण शेयरको लागि रु.१,६१,७७,८००/- रकम अर्थात शत प्रतिशत रकम श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौंद्वारा प्रत्याभूति सेवा प्रदान गरिएको छ ।

(१५) सकारात्मक पक्षहरु :

- बैंकिङ तथा वित्तीय क्षेत्रमा अनुभवी तथा दक्ष व्यवस्थापकहरु द्वारा संचालित ।
- ग्राहक सुहाउँदो आकर्षक सेवा तथा कार्यक्रम साथै लघुवित्त वित्तीय संस्थाको परिकल्पना अनुरुप स्थानीय स्तरमा सरल, सुलभ र सहज ढंगले आधुनिक तथा प्रविधियुक्त बैंकिङ प्रणालीको विकास गर्न सकेको ।
- आर्थिक, राजनैतिक र प्रतिस्पर्धी बैंकिङ व्यवसाय सुहाउँदो रणनीति अवलम्बन गरी व्यवसाय विस्तार गर्न सफल रहेको ।
- गैरसरकारी संस्था (नेपाल महिला उत्थान केन्द्र) मार्फत लामो समय देखि लघुवित्त वित्तीय सेवा प्रदान गरी आएकोले हालको कार्यक्षेत्र तथा जनसमुदायमा वित्तीय संस्थाको राम्रो छवी निर्माण भएको ।

(१६) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सकिने ठाउँ र समय:

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिने छ ।

(क) वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय पोखरा महानगरपालिका-१८, विन्ध्यवासिनी, कास्की ।
(ख) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक-नेपाल एसबिआई मर्चेण्ट बैंकिङ लिमिटेड, हात्तिसार, काठमाडौं ।

(१७) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण

अ) वित्तीय संस्थाको प्रबन्ध-पत्र तथा नियमावली वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय कास्की जिल्ला पोखरा महानगरपालिका -१८, विन्ध्यवासिनीमा र यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री नेपाल एसबिआई मर्चेण्ट बैंकिङ लिमिटेड, हात्तिसार, काठमाण्डौमा कार्यालय समय भित्र सम्पर्क राखी प्राप्त गर्न सकिने छ ।

आ) प्रत्येक आवेदकले कम्तीमा १० (दश) कित्ता शेयर खरीदका लागि आवेदन दिनुपर्नेछ । १० (दश) कित्ता भन्दा बढी शेयरका लागि आवेदन दिंदा १० (दश) अंकको गुणन संख्यामा ८०० (आठ सय) कित्ता बराबरको रु.८०,०००/- (असी हजार रुपैयाँ) सम्मको अधिकतम शेयरका लागि आवेदन दिन सक्नेछन् । यसरी साधारण शेयरका लागि आवेदन दिंदा आफूले खरीद गर्न चाहेको प्रति साधारण शेयर बापत रु.१००।- (एक सय) का दरले हुन आउने एकमुष्ठ रकम दरखास्तसाथ बुझाउनु पर्नेछ ।

(१८) आवेदन दिंदा पालन गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु:

अ) आस्बा प्रणाली अन्तर्गतको आवेदन दिंदा भर्नुपर्ने अनुसूची ४ को सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्ने (जस्तैः डिपी आईडी र क्लाइन्ट आईडी, खाता नं., नाम, थर, ठेगाना, सम्पर्क नं. नागरिकता नं., धितोपत्र निष्काशन कम्पनीको नाम, खरीद गर्न चाहेको धितोपत्रको संख्या, खरीद गर्न चाहेको धितोपत्रको रकम आदि) ।
आ) आस्बा सदस्य बैंकहरुमा रहेको आवेदन दाताको रकम रोक्का राखिने खाता सक्रिय हुनु पर्ने ।
इ) आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्ने ।
ई) आवेदकले चल्ती बचत र कल खातामार्फत मात्र आवेदन दिन सकिने ।

(१९) धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

निष्काशनबाट प्राप्त हुने कुल रकम तल उल्लेखित विभिन्न क्षेत्रहरुमा प्रयोग हुनेछ :

- पशुपालन तथा कृषि कर्जा -	रु. ९,७०६,६८०/-
- खुद्रा व्यापार र सेवा कर्जा -	रु.४,८५३,३४०/-
- साना तथा घरेलु उद्योग कर्जा -	रु१,६१७,७८०/-
जम्मा	रु. १,६१,७७,८००/-

(२०) निष्काशन बैंक (Bankers to the Issue) :

आस्बा प्रणाली २०७४ श्रावण महिनादेखि पूर्णरुपमा लागू भएकोले धितोपत्र बाँडफाँट पश्चात बाँडफाँटमा परेको धितोपत्र बापतको रकम सम्बन्धित आस्बा सदस्य बैंक तथा वित्तिय संस्थाहरुले निष्काशन प्रबन्धकबाट जानकारी प्राप्त गरेको मितिले ३ दिनभित्र उक्त रकम निष्काशन प्रबन्धकको खातामा हस्तान्तरण गरिदिनु पर्नेछ । साथै धितोपत्र बाँडफाँटमा नपरेका आवेदकहरुको हकमा समेत निष्काशन प्रबन्धकबाट जानकारी प्राप्त भएको ३ कार्यदिन भित्र सम्बन्धित आवेदकहरुको खाता फुकुवा गरिदिनु पर्नेछ ।

(२१) विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

विवरणपत्र प्राप्त गर्ने स्थान :

(क) नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लिमिटेड, केन्द्रिय कार्यालय, पोखरा महानगरपालिका वडा नं. १८, विन्ध्यवासिनी
वेबसाइट: www.nepalagro.com.np
(ख) नेपाल एसबिआई मर्चेण्ट बैंकिङ लिमिटेड, हात्तिसार, काठमाडौं ।

साथै निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट: www.nsmbl.com.np,र निष्काशनकर्ता कम्पनीको वेबसाइट www.nepalagro.com.np वा नेपाल धितोपत्र बोर्डको वेबसाइट : www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ ।

दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तिय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु ।

(२२) धितोपत्र बिक्री खुल्ला अवधि :

यस विवरणपत्रद्वारा निष्काशन गरिएको साधारण शेयरको लागि आवेदन दिने अवधि ३० दिनको हुनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर विवरणपत्रमा गरिएको व्यवस्था अनुसार कुनै पनि हालतमा ४ कार्य दिनभन्दा अगाडि शेयर खरीदको आवेदन लिने काम बन्द गरिने छैन ।

(२३) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:

क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ (क) अनुसार यस निष्काशनलाई क्रेडिट रेटिङ्ग गराउन आवश्यक नभएको ।

(२४) गुनासो सुन्ने र समाधान गर्ने प्रकृया:

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नेपाल एसबिआई मर्चेण्ट बैंकिङ लिमिटेड, हात्तिसार, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको हुँदा त्यहाँ सम्पर्क गर्न सकिनेछ । कुनै पनि लगानीकर्ताले यस निष्काशन सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागी सम्पर्क अधिकारी श्री केदार पुडासैनी लाई निजको कार्यालयमा वा निजलाइ कार्यालय समयभित्र ०१ ४४१२७४३ (एक्स. ११७) मा सम्पर्क गर्न सकिनेछ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

नेपाल एसबिआई मर्चेण्ट बैंकिङ लिमिटेड
Nepal SBI Merchant Banking Ltd.
NSMBL
हात्तिसार, काठमाडौं फोन नं.: ४४१२७४३ वेब: www.nsmbl.com.np